**२०७८ साल फाल्गुण १५ गते आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. आर्थिक वर्ष २०७८/०७९ को वार्षिक कार्यक्रम अन्तर्गत सहकारी तथा गरिबी निवारणसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि विभिन्न सात वटा कार्यविधि स्वीकृत गर्ने,

२. प्रदेश नं. ५ सहकारी (दोस्रो संशोधन) नियमावली,२०७८ स्वीकृत गर्ने,

३. प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७८ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने,

४. प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाइ (प्रदेशको स्थायी राजधानीमा) स्थापना गर्ने,

५. प्रदेश खेलकुद परिषद् गठन गर्ने,

६. प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि,२०७६ को पहिलो संशोधन स्वीकृत गर्ने,

७. प्रदेश सरकार मातहतका केही अस्पतालहरुमा रहेको अस्पताल विकास समितिमा अध्यक्षहरु मनोनित गर्ने,

८. विनियोजन ऐन,२०७८ बमोजिम अर्थ विविध शिर्षकमा विनियोजित बजेट प्रदेश सरकारको नीति कार्यक्रम र प्राथमिकता एवं प्रदेश सरकारको राजस्व संकलनको स्थिति/अवस्था समेतलाई अध्ययन विश्लेषण गरी मन्त्रालयहरुबाट माग भएको कार्यक्रम/आयोजनाका आधारमा वित्तीय/आर्थिक अनुशासनको पूर्ण सुनिश्चितता गरी बाँडफाँड गर्न आर्थिक मामिला तथा सहकारी मन्त्रालयलाई सैद्धान्तिक निर्देशन दिने।